खण्ड- १०          संख्या- १          मिति : २१ असोज, २०८३ साल

# गौरीगञ्ज राजपत्र

## गौरीगञ्ज गाउँपालिकाद्धारा प्रकाशित

खण्ड : १०          संख्या : १          मिति : २१ असोज, २०८३ साल

## भाग- २

### गौरीगञ्ज गाउँपालिकाको सूचना

गौरीगञ्ज गाउँपालिका गाउँ कार्यपालिकाले बनाएको तल लेखिएबमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

संवत् २०८३ सालको कार्यविधि नं. १

खण्ड- १० संख्या- १ मिति : २१ असोज, २०८३ साल

गौरीगञ्ज गाउँपालिका

लक्षित समुदायका छोरीका लागि

# सक्षम छोरी कार्यक्रम सञ्चालन कार्यविधि, २०८३

(गाउँ कार्यपालिकाबाट पारित मिति : २०८३/०६/१६)

## प्रस्तावनाः

गौरीगञ्ज गाउँपालिकामा आर्थिक तथा सामाजिक रूपमा पछाडि परेका तराईका दलित समुदायका बालिका तथा किशोरीहरूको शिक्षामा पहुँच अभिवृद्धि गर्न, सामाजिक सचेतना जगाउन, सीप तथा क्षमता विकास मार्फत नेतृत्वदायी भूमिकामा पुऱ्याउन र उनीहरूका अभिभावकहरूलाई आर्थिक रूपमा स्वावलम्बी र सशक्त बनाई बालविवाह एवं लैङ्गिक हिंसा मुक्त समाज निर्माणमा सहयोग पुर्याउन बृहत् कार्यक्रम सञ्चालन गर्न वाञ्छनीय भएकाले;

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी गौरीगञ्ज गाउँपालिकाले यो कार्यविधि स्वीकृत गरी लागू गरेको छ।

परिच्छेद – १

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "लक्षित समुदायका छोरीका लागि सक्षम छोरी कार्यक्रम सञ्चालन कार्यविधि, २०८३" रहेको छ ।

(२) यो कार्यविधि गौरीगञ्ज गाउँपालिकाले स्वीकृत गरेको मितिबाट लागु हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "अभिभावक" भन्नाले यस कार्यविधि बमोजिमका बालिका र किशोरीका आमाबुबा, हजुरआमा, हजुरबुबा, दाजु दिदी, काका, काकी, मामा, माइजु र अन्य पालनपोषण गर्ने व्यक्तिलाई सम्झनु पर्छ र सो शब्दले अन्य कुनै कारणले अभिभावकत्व ग्रहण गरेको व्यक्ति समेतलाई सम्झनु पर्छ ।

(ख) "आमा" भन्नाले लक्षित समुदायका किशोरी र बालिकाको आमालाई सम्झनु पर्दछ।

(ग) "कार्यपालिका" भन्नाले गौरीगञ्ज गाउँपालिकाको कार्यपालिका सम्झनु पर्छ ।

(घ) "कार्यक्रम" भन्नाले यस कार्यविधि बमोजिम सञ्चालन गरिने लक्षित समुदायका छोरीका लागि सक्षम छोरी कार्यक्रम सम्झनु पर्छ ।

(ङ) "कार्यक्रम सहजीकरण समिति" भन्नाले दफा ३० बमोजिम गठनको समिति सम्झनु पर्छ ।

(च) "किशोरी" भन्नाले १० वर्ष देखि २० वर्ष सम्मका छोरीलाई सम्झनु पर्छ ।

(छ) सक्षम छोरी भन्नाले देहाय बमोजिमको सक्षमतालाई सम्झनु पर्छः-

१) **शैक्षिक सक्षमता (Educational Empowerment)**:

अ. विद्यालयमा भर्ना हुनु मात्र नभई कम्तिमा माध्यमिक तहसम्मको शिक्षा सफलतापूर्वक पूरा गर्नु।

आ. आफ्नो हक-अधिकार र सामाजिक परिवेशलाई बुझ्न सक्ने गरी सचेत र शिक्षित हुनु।

२) **आर्थिक स्वावलम्बन (Economic Independence):**

अ. परम्परागत ज्याला मजदुरीको चक्रबाट बाहिर निस्केर कुनै निश्चित सीप (Vocational Skill) मा दखल राख्नु वा रोजगार स्वरोजगार तर्फ अग्रसर हुनु ।

आ. आफ्नो खुट्टामा उभिएर परिवार र समुदायको आर्थिक उन्नतिमा योगदान दिन सक्ने हुनु।

३) **सामाजिक नेतृत्व र निर्णय क्षमता (Social Leadership):**

अ. बालविवाह, दाइजो र जातीय विभेद जस्ता कुप्रथाहरूको विरुद्धमा आवाज उठाउन सक्ने हुनु।

आ. परिवार र समाजका महत्वपूर्ण निर्णयहरूमा सक्रिय सहभागिता र नेतृत्वदायी भूमिका खेल्न सक्नु।

(ज) "प्रदेश" भन्नाले कोशी प्रदेश सम्झनु पर्छ ।

(झ) "मन्त्रालय" भन्नाले प्रदेशको सामाजिक विकास मन्त्रालय सम्झनु पर्छ ।

(ञ) "विद्यालय" भन्नाले कार्यक्रम सञ्चालन गर्ने गौरीगञ्ज गाउँपालिकाको विद्यालय सम्झनु पर्छ ।

(ट) "लक्षित समुदाय" भन्नाले स्थानिय तहमा बसोबास गर्ने तराई दलित समुदायका बालिका, किशोरी र तिनका अभिभावकलाई सम्झनु पर्छ।

(ठ) "प्रविधि सहयोग" भन्नाले सीप विकास तालिम प्राप्त सक्षम समूहलाई व्यवसाय सञ्चालन गर्न आवश्यकता अनुरुपका फिर्ता गर्नु नपर्ने सामाग्री सम्झनु पर्छ।

(ड) "वित्तीय संस्था" भन्नाले सीप विकास तालिम प्राप्त सक्षम समूहलाई व्यवसाय सञ्चालन गर्न आवश्यक पर्ने ऋण प्रदान गर्ने बैंक, सहकारी संस्था र लघुवित्त संस्था सम्झनु पर्छ।

## परिच्छेद – २

## कार्यक्रमका क्षेत्र र कार्यक्रम विस्तार सम्बन्धी व्यवस्था

३. **कार्यक्रमका क्षेत्रहरू:** गौरीगञ्ज गाउँपालिकाले लक्षित वर्गको हित र सशक्तीकरणका लागि देहायका तीन क्षेत्रमा एकीकृत कार्यक्रम सञ्चालन गर्नेछः

(क) **शिक्षाः** अनिवार्य भर्ना, अतिरिक्त कक्षा (ट्युसन) र शैक्षिक सामग्री सहयोग,

(ख) **सीप विकासः** आयआर्जन र जीविकोपार्जनका लागि तालिम, प्रविधि सहयोग र वित्तिय संस्थामा आबद्धता,

(ग) **सशक्तीकरणः** सामाजिक सचेतना, लैंगिक हिंसा विरुद्धको अभियान र नेतृत्व विकास।

४. <u>**कार्यक्रमको उद्देश्यः**</u> यस कार्यविधि बमोजिम सञ्चालन हुने कार्यक्रमको उद्देश्य देहाय बमोजिम हुनेछः-

(क) लक्षित समुदायका सबै छोरीहरूलाई विद्यालय तहसम्मको शिक्षामा **शतप्रतिशत पहुँच र अनिवार्य आबद्धता** सुनिश्चित गर्नु,

(ख) लक्षित समुदायमा स्वस्थ, शिक्षित, आत्मनिर्भर र सक्षम छोरी तयार गरी परम्परागत कुप्रथाका रूपमा रहेको **बालविवाह र लैङ्गिक हिंसाको अन्त्य** गर्न सहयोग पुर्याउनु,

(ग) बालिका तथा किशोरीका आमाहरूमा सामाजिक सचेतना जगाई सशक्तीकरण गर्ने र **व्यावसायिक सीप विकास तालिम** र प्रविधि सहयोग मार्फत आर्थिक रूपमा सबल बनाउँदै छोरीहरूको शिक्षालाई निरन्तरता दिने।

(घ) **छुवाछुत मुक्त, विभेदरहित, सुसंस्कृत र विकसित समाज** निर्माणमा ठोस सहयोग पुऱ्याउने।

५. <u>**कार्यक्रम सञ्चालन र विस्तार गरिनेः**</u> (१) मन्त्रालयबाट प्राप्त अनुदान र कार्यक्रम कार्यान्वयनका शर्त बमोजिम लक्षित समुदायका लागि कार्यक्रम सञ्चालन र विस्तार गरिनेछ।

(२) कार्यक्रम सञ्चालन र विस्तार गर्दा लक्षित वर्गको जनसंख्यालाई मुख्य आधार मानिनेछ।

६.	**<u>बजेटको व्यवस्थापन र सञ्चालनः</u>** (१) कार्यक्रम सञ्चालनका लागि चालु आ.व. २०८३/८४ मा कार्यक्रम सञ्चालनका लागि कोशी प्रदेश सरकार (सामाजिक विकास मन्त्रालय) बाट प्राप्त अनुदान रकमलाई ५० प्रतिशत मानि बाँकी ५० प्रतिशत रकम गौरीगञ्ज गाउँपालिकाबाट व्यवस्थापन हुने गरी बजेट साझेदारी हुनेछ। यसरी गौरीगञ्ज गाउँपालिका र सामाजिक विकास मन्त्रालयबाट साझेदारी भइ आउने कुल बजेटलाई १०० प्रतिशत मानी सक्षम छोरी कार्यक्रमको शिक्षा क्षेत्रमा कुल बजेटको ६० प्रतिशत, सिप तथा आयआर्जनको क्षेत्रमा कुल बजेटको २५ प्रतिशत र सशक्तीकरणका क्षेत्रमा कुल बजेटको १५ प्रतिशत खर्च गर्नुपर्नेछ।

(२) विनियोजित बजेट स्वयंसेवक सहजकर्ताको पारिश्रमिक र प्रोत्साहन भत्ता र फोकल शिक्षकको प्रोत्साहन भत्ता,आवश्यकता बमोजिमका शैक्षिक सामग्री, दिवा खाजा र सक्षम समूहलाई प्रविधि सहयोग तथा सामाजिक परिचालन र सशक्तीकरण लगायतका विभिन्न कार्यक्रममा खर्च गरिनेछ।

(३) उपदफा (१) बमोजिमको बजेट व्यवस्थापनको सहभागीतामा कानून बमोजिम मान्यता प्राप्त कुनै इच्छुक संघसंस्थाबाट प्रस्ताव आएमा गौरीगञ्ज गाउँपालिकाको कार्यपालिकाबाट निर्णय भए बमोजिम बजेट साझेदारी गराउन सकिनेछ ।

(४) उपदफा (१) बमोजिमको कार्यक्रम सञ्चालनका लागि प्रदेश मन्त्रालयबाट प्रत्येक आर्थिक वर्षमा विनियोजित अन्तर-सरकारी वित्त हस्तान्तरण मार्फत गौरीगञ्ज गाउँपालिकामा प्राप्त बजेट भए बमोजिम हुनेछ।

(५) उपदफा (१) बमोजिमको बजेट रकमका अतिरिक्त गौरीगञ्ज गाउँपालिकाको कार्यपालिकाले आवश्यक ठानेमा गौरीगञ्ज गाउँपालिकाले आफ्नो स्रोतबाट थप क्रियाकलापका लागि बजेट व्यवस्थापन गर्न सक्नेछ ।

(६) यस कार्यविधि बमोजिम कार्यक्रम सञ्चालनका लागि साझेदारी भएको बजेटको खर्च शिर्षकहरुका सम्बन्धमा अनुसूची १ बमोजिमका क्रियाकलापमा खर्च गर्न सकिन्छ।

## परिच्छेद – ३

## <u>विद्यालय भर्ना तथा शैक्षिक सहायता सम्बन्धी व्यवस्था</u>

७. **बालिकालाई विद्यालय भर्नाः** (१) गौरीगञ्ज गाउँपालिकाले लक्षित समुदायका विद्यालय जाने उमेरका प्रत्येक बालिकालाई अनिवार्य विद्यालय भर्ना गराउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम विद्यालय भर्नाका लागि गौरीगञ्ज गाउँपालिकाको शिक्षा शाखाले अभिभावकलाई जिम्मेवार बनाई सम्बन्धित विद्यालयलाई आवश्यक निर्देशन, समन्वय एवम् सहकार्य गराउनु पर्नेछ। यस कार्यका

लागि गौरीगञ्ज गाउँपालिकाको महिला बालबालिका शाखालाई सम्पर्क शाखा तोकि समन्वय गर्नुपर्नेछ।

(३) उपदफा (१) बमोजिम विद्यालय भर्ना भएका बालिकाको शैक्षिक अवस्थामा सुधार, विद्यालयमा नियमितता र निरन्तरताका लागि सम्बन्धित गौरीगञ्ज गाउँपालिकाले लक्षित समुदायका बालिकालाई स्वयंसेवक सहजकर्ता मार्फत समुदायमै अतिरिक्त ट्युसन कक्षा सञ्चालन गराउनुपर्नेछ।

(४) उपदफा (१) बमोजिम विद्यालयमा नयाँ भर्ना भएका लक्षित समुदायका बालिकाका लागि आवश्यक पर्ने विद्यालय पोशाक, शैक्षिक सामाग्री तथा दिवा खाजा लगायतका सेवा सुविधाहरु आवश्यकता अनुसार उपलब्ध गराउनुपर्नेछ।

८. **<u>किशोरीहरूलाई विद्यालय भर्नाः</u>** (१) विद्यालय जाने उमेर नाघिसकेका तथा विद्यालयको अध्ययन बीचैमा छाडेर बसेका किशोरीहरूलाई विद्यालयमा पुनःभर्ना भई अध्ययन कार्यका लागि गौरीगञ्ज गाउँपालिकाले प्रोत्साहन गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिमको कार्यका लागि अभिभावकलाई जिम्मेवार बनाई सम्बन्धित विद्यालयलाई आवश्यक निर्देशन, समन्वय एवम् सहकार्य गर्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिमका किशोरीहरू तथा निरन्तर विद्यालय जाने गरेका किशोरीहरूको शैक्षिक अवस्थामा सुधारका लागि स्वयंसेवक सहजकर्ताबाट समुदायमै अतिरिक्त ट्युसन कक्षा सञ्चालन गरिनेछ।

(४) उपदफा (१)बमोजिमका किशोरीहरु तथा निरन्तर विद्यालय जाने गरेका किशोरीहरूका लागि विद्यालय पोशाक, शैक्षिक सामाग्री तथा दिवा खाजा लगायतका सेवा सुविधाहरु आवश्यकता अनुसार उपलब्ध गराउनुपर्नेछ।

## परिच्छेद – ४

## सक्षम छोरी र सक्षम समुह सम्बन्धी व्यवस्था

९. **सक्षम छोरी समुह गठनः** (१) विद्यालयमा अध्ययनरत लक्षित समुदायका किशोरीहरू सम्मिलित रहनेगरी लक्षित समुदाय बसोबास भएको प्रत्येक वडामा एक सक्षम छोरी समुह गठन गरिनेछ ।

(२) उपदफा (१) बमोजिमको समुह गठन देहाय बमोजिमको हुनेछः-

(क) संयोजक ............एक जना

(ख) सह-संयोजक.............दुई जना

(ग) सचिव.....................एक जना

(घ) सह-सचिव...............एक जना

(ङ) कोषाध्यक्ष.................एक जना

(च)　सदस्य .................... वडाका अन्य सबै किशोरी

तर लक्षित समुदायमा रहेको वडामा सात जनाभन्दा कम किशोरीको संख्या भएमा अन्य वडामा गठन हुने सक्षम छोरी समुहमा आवद्ध वा समायोजन गरिनेछ ।

(३) उपदफा (१) बमोजिमको समुहका सबै पदहरूमा समुहमा आवद्ध किशोरीहरू सर्वसम्मतीका आधारमा चयन गर्नु पर्नेछ ।

(४) उपदफा (१) बमोजिमको समुह गठन गर्दा वडाभित्रको लक्षित समुदायका अपाङ्गता भएका किशोरीलाई समावेशी ढङ्गले सम्मिलित गराउनु पर्नेछ।

(५) उपदफा (१) र (२) को प्रयोजनका लागि स्वयंसेवक सहजकर्ताले आवश्यक सहजीकरण गर्नु पर्नेछ ।

(६) विद्यालयको अध्ययन अवधि पुरा भई वा अन्य कुनै कारणले समुहमा आवद्ध कुनै सदस्यले समुह छाडेमा समूहको संयोजकले स्वयंसेवक सहजकर्तालाई सो को जानकारी गराउनु पर्नेछ ।

(७) उपदफा (२) को खण्ड (क), (ख), (ग), (घ) वा (ङ) मध्ये समुहका कुनै पदाधिकारीले पद छाड्न चाहेमा समूहको संयोजकले स्वयंसेवक सहजकर्तालाई जानकारी दिई पद छाड्न सक्नेछ।

(८) उपदफा (७) बमोजिम पद छाडेका पदाधिकारीहरू समुहका सदस्यको रूपमा रहनेछन् र तत्पश्चात बस्ने समुहको मासिक बैठकमा नयाँ पदाधिकारी चयन गर्नु पर्नेछ ।

(९) सक्षम छोरी समूहको बैठक कम्तिमा त्रैमासिक रुपमा बस्नु पर्नेछ। बैठक बस्दा बैठकका सहभागि र आमन्त्रितलाई समेत खाजाको व्यवस्था गर्नुपर्नेछ।

१०. **सक्षम छोरी समुहको काम कर्तव्य र अधिकारः** दफा ९ बमोजिम समुहको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) विद्यालय जाने उमेर समुहभित्रका लक्षित समुदायका सबै बालिकाहरूलाई अनिवार्य विद्यालय भर्ना गराउन सहयोग गर्ने,

(ख) लक्षित समुदायका बालिका र किशोरीहरू विद्यालयमा नियमित अध्ययनमा गए नगएको बारे स्वयंसेवक सहजकर्ता र फोकल शिक्षक लाई जानकारी गराउने,

(ग) आफू बस्ने गाउँ, टोल र बस्तीमा लक्षित समुदायका बालिका र किशोरीको शिक्षामा पहुँचका लागि आ-आफ्ना छरछिमेकमा अभिभावकसँग संवाद गरी शिक्षा सचेतनाका बारेमा जानकारी गराउने,

(घ) विद्यालयमा आयोजना गरिने वक्तृत्वकला प्रतियोगिता, वादविवाद प्रतियोगिता लगायतका अतिरिक्त क्रियाकलाप गर्न विद्यालयसँग समन्वय गर्ने,

(ङ) लक्षित समुदायका बालिका तथा किशोरीका लागि आवश्यक पर्ने पोशाक तथा विद्यालय पठनपाठनमा किताब, कापी, स्टेशनरी लगायतका सामग्रीहरूको आवश्यकता पहिचान गरी स्वयंसेवक सहजकर्ता र फोकल शिक्षकलाई जानकारी गराउने,

(च) लक्षित समुदायका बालिका तथा किशोरी उपर हुनसक्ने वा भइरहेको कुनै बाल विवाह वा लैंगिक हिंसा सम्बन्धी गतिविधिको सूचना प्राप्त भएमा स्वयंसेवक सहजकर्ता र फोकल शिक्षकलाई जानकारी गराउने ।

(छ) लक्षित समुदायका बालिका तथा किशोरीको शिक्षामा पहुँच हुने गरी अन्य आवश्यक हित सम्बन्धी कार्य गर्ने गराउन पहल गर्ने।

११. <u>**सक्षम समूहः**</u> (१) लक्षित समुदायका आमा र विद्यालय शिक्षाबाट बञ्चित किशोरीलाई सीप विकास तालिमका माध्यमबाट आत्मनिर्भर उद्यमी/व्यवसायी बनाई आर्थिक रूपले सक्षम बनाउन आमा र किशोरी सम्मिलित हुने गरी गौरीगञ्ज गाउँपालिकाले सक्षम समुह गठन गर्नेछ ।

(२) लक्षित समुदायका आमा र किशोरी सम्मिलित हुने गरी उपदफा (१) बमोजिमको समुह गठन देहाय बमोजिमको हुनेछः-

(क) संयोजक -एक जना

(ख) सह-संयोजक (एक जना आमा र एक जना किशोरी) - दुई जना

(ग) सचिव -एकजना

(घ) सह-सचिव -एकजना

(ङ) कोषाध्यक्ष -एकजना

(च) सदस्य - सबै आमा तथा किशोरीहरु

(३) उपदफा (२) बमोजिमको खण्ड (क), (ख), (ग), (घ) र (ङ) का पदहरूमा एकै परिवारका सदस्य नरहने गरी सर्वसम्मतिका आधारमा चयन गर्नु पर्नेछ। त्यसरी चयन भएको पदाधिकारीहरूमा संयोजक आमा हुँदा किशोरी कोषाध्यक्ष हुन पर्ने र संयोजक किशोरी हुँदा आमा कोषाध्यक्ष हुने गरी चयन गर्नु पर्नेछ तर आमा र किशोरी अलग-अलग परिवारको हुनुपर्नेछ ।

(४) उपदफा (२) बमोजिमको समुह गठन गर्दा गौरीगञ्ज गाउँपालिकाको लक्षित समुदायका अपाङ्गता भएका किशोरी र किशोरीका आमालाई समावेशी ढङ्गले सम्मिलित गराउनु पर्नेछ।

(५) उपदफा (२) र (३) को प्रयोजनका लागि स्वयंसेवक सहजकर्ताले आवश्यक सहजीकरण गर्नु पर्नेछ ।

(६) कुनै कारणले उपदफा (२) बमोजिमको समुहमा आवद्ध कुनै सदस्यले समुह छाडेमा स्वयंसेवक सहजकर्तालाई सो को जानकारी गराउनु पर्नेछ।

(७) उपदफा (२) को खण्ड (क), (ख), (ग), (घ) वा (ङ) मध्ये समुहका कुनै पदाधिकारीले पद छाड्न चाहेमा स्वयंसेवक सहजकर्तालाई जानकारी दिई पद छाड्न सक्नेछ।

(८) उपदफा (७) बमोजिम पद छाडेका पदाधिकारीहरू समुहका सदस्यको रूपमा रहनेछन् र तत्पश्चात बस्ने समुहको मासिक बैठकमा नयाँ पदाधिकारी चयन गर्नु पर्नेछ ।

१२. **<u>सक्षम समुह गठनका आधारः</u>** (१) सक्षम समुहका आमाहरूको छनौटका लागि देहाय बमोजिमको आधार लिनु पर्नेछः-

(क) लक्षित समुदायको हुनुपर्ने,

(ख) २० वर्ष उमेर पुरा भई ५९ वर्ष उमेर ननाघेको हुनुपर्ने,

(ग) बालिका र किशोरीलाई अनिवार्य विधालयमा भर्ना गराएको हुनुपर्ने,

(घ) बालिका र किशोरीलाई नियमित रुपमा विद्यालय पठाएको हुनुपर्ने,

(ङ) किशोरी छोरीको आमा भए सो छोरी सक्षम छोरी समुहको सदस्य भएको हुनुपर्ने,

(च) समूहमा बस्ने चाहना, आवश्यकता र उद्यम व्यवसाय प्रतिको अभिरुची भएको,

(२) उपदफा (१) बमोजिमको आधार लिँदा लक्षित समुदायका महिला निसन्तान वा एकल महिला भएमा निज महिलालाई सक्षम समुह सदस्यमा बस्न कुनै बाधा पर्ने छैन।

(३) सक्षम समुहका किशोरी छनौटका लागि देहाय बमोजिमको आधार लिनु पर्नेछः-

(क) लक्षित समुदायको हुनुपर्ने,

(ख) १६ वर्ष उमेर पुरा भई २० वर्ष उमेर ननाघेको,

(ग) समूहमा बस्ने चाहना, आवश्यकता र उद्यम व्यवसाय प्रतिको अभिरुची भएको,

(घ) सक्षम छोरी समुहको सदस्य भएको ।

१३. <u>**बैठक र निर्णय विधिः**</u> सक्षम समुहको बैठक व्यवस्थापन र निर्णयका विधि देहाय बमोजिम हुनेछन्

(क) समुहको बैठक प्रत्येक महिना कम्तिमा एकपटक बस्नुपर्नेछ। समूहको निर्णयले मासिक बचत संकलन र परिचालन गर्न सक्नेछ।

(ख) समुहको संयोजकले तोकेको मिति र समयमा समुहको बैठक बस्नेछ,

(ग) समुहको संयोजकले समुहको बैठकको अध्यक्षता गर्नेछ। संयोजकको अनुपस्थितिमा समुहको ज्येष्ठ सदस्यले बैठकको अध्यक्षता गर्नेछ,

(घ) स्वयंसेवक सहजकर्ता बैठकको आमन्त्रित सदस्य हुनेछ र बैठक सञ्चालनका लागि समुहको संयोजकलाई आवश्यक सल्लाह र सुझाव प्रदान गर्नेछ,

(ङ) सरोकारवाला जो सुकै व्यक्ति वा पदाधिकारीलाई समुहको बैठकमा आवश्यकता अनुसार आमन्त्रण गर्न सकिनेछ,

(च) सर्वसम्मतिबाट समुहको बैठकको निर्णय गर्नु पर्नेछ,

(छ) बैठक सञ्चालन सम्बन्धी अन्य कार्यविधि समुह आफैले निर्धारण गरे बमोजिम हुनेछ ।सो कार्यविधि तयारीका सम्बन्धमा गौरीगञ्ज गाउँपालिकाको महिला तथा बालबालिका शाखाले समन्वय र सहजीकरण गर्नुपर्नेछ।

(ज) बैठकको गणपुरक सङ्ख्या कुल सदस्यको ५१ % हुनेछ ।

१४. **समुह दर्ता गर्ने:** (१) यस कार्यविधि बमोजिम गठन भएको समुह सम्बन्धित गौरीगञ्ज गाउँपालिकामा उद्देश्य र कारण खुलाई दर्ता हुनुपर्नेछ।

१५. **सीप विकास तालिम प्रदान गरिने:** (१) विद्यालय जाने उमेर नाघिसकेका र विद्यालय जानबाट बञ्चित लक्षित समुदायका १६ देखि २० बर्ष भित्रका किशोरी र लक्षित समुदायका आमाहरूलाई उनीहरूको रूची र चाहना बमोजिमको सीप विकास तालिम प्रदान गरिनेछ।

(२) उपदफा (१) बमोजिम सीप विकास तालिम लिएका किशोरी तथा आमाहरूलाई जीविकोपार्जन सहायताका लागि गौरीगञ्ज गाउँपालिकाले उद्यम व्यवसाय सञ्चालन गर्न आवश्यक प्रविधि उपलब्ध गराउदै आवश्यक पूंजी व्यवस्थापनका लागि वित्तिय संस्थामा आबद्ध गराउनुपर्नेछ।

(३) सीप विकास तालिम सञ्चालनका लागि कार्यक्रम सहजीकरण समितिको निर्णय बमोजिम गौरीगञ्ज गाउँपालिकाको महिला बालबालिका शाखाले व्यवस्थापन गर्नुपर्नेछ । उल्लिखित कार्यमा लघु उद्यम विकास सहजकर्ताले आवश्यक सहयोग गर्नुपर्नेछ ।

१६. **व्यावसायिक प्रस्ताव पेस गर्नुपर्ने:** (१) यस कार्यविधि बमोजिमको तालिम प्राप्त गरेका सक्षम समुहका पदाधिकारी र सदस्यहरूले देहायको

कागजातहरू संलग्न गरी तालिम लिइएको विषय सम्बद्ध व्यावसायिक प्रस्ताव सम्बन्धित गौरीगञ्ज गाउँपालिका समक्ष पेस गर्नु पर्नेछः-

(क) गौरीगञ्ज गाउँपालिकामा दर्ता भएको दर्ता प्रमाणपत्र (समुह दर्ता गर्ने प्रशासनिक व्यवस्था नभएका गौरीगञ्ज गाउँपालिकाहरूको हकमा आवश्यक नपर्ने),

(ख) अनुसूची-२ को ढाँचा बमोजिमको विस्तृत विवरण सहितको व्यावसायिक प्रस्ताव,

(२) व्यावसायिक प्रस्तावमा सामान्यतयाः देहायका कुराहरू खुलाउनुपर्नेछः-

(क) समुहको नाम, सदस्यहरूको नाम, ठेगाना, उमेर, व्यावसायिक अनुभव लगायतका कुराहरू समेटिएको संक्षिप्त विवरण,

(ख) व्यवसायको नाम, उद्देश्य, सञ्चालन गरिने स्थान,

(ग) लागत, लगानी स्रोत र अपेक्षित प्रतिफल,

(घ) प्रमुख क्रियाकलाप,

(ङ) कार्यान्वयनमा आवश्यक अनुमानित जनशक्ति,

(च) भावी योजना,

(छ) अन्य आवश्यक कुराहरू।

१७. **प्रस्तावको स्वीकृति, प्रविधि सहयोग र वित्तिय संस्थामा आबद्धता:** (१) दफा १६ बमोजिम पेश भएको व्यावसायिक प्रस्तावको औचित्यपूर्ण जाँचबुझ गरी कार्यक्रम सहजीकरण समितिले स्वीकृत गर्नेछ।

(२) स्वीकृत भएको व्यावसायिक प्रस्ताव कार्यान्वयनका लागि गौरीगञ्ज गाउँपालिकाबाट प्रविधि सहयोग, न्यूनतम बिउपूँजी रकम निर्धारण गरी अधिक पूँजी आवश्यक भएमा वित्तिय संस्थामा आबद्ध गराउनुपर्नेछ।

(३) उपदफा (२) बमोजिमको न्यूनतम बिउपूँजी रकम गौरीगञ्ज गाउँपालिकाले हस्तान्तरण गर्दा अनुसूची-३ बमोजिमको ढाँचामा गौरीगञ्ज गाउँपालिका र समुहबीच सम्झौता गरी समूहको खातामा पठाउनु पर्नेछ।

१८. **खाता सञ्चालन विधि:** (१) स्वीकृत भएको व्यावसायिक प्रस्ताव कार्यान्वयन गर्नका लागि सक्षम समुहले नजिकैको बैङक, वित्तीय संस्था वा सहकारी संस्थामा सक्षम समुहको नाममा खाता खोली सञ्चालन गर्नुपर्नेछ।

**उदाहरण:** खाताको नामः सक्षम समुह, .........(गौरीगञ्ज गाउँपालिका वा टोलको ठाउँको नाम)..... राखि खोल्न सकिनेछ ।

(२) उपदफा (१) बमोजिम खोलिएको खाताको सञ्चालन समुहको प्रमुख तथा कोषाध्यक्षको संयुक्त दस्तखतबाट हुनेछ।

परिच्छेद – ५

## फोकल शिक्षक र स्वयंसेवक सहजकर्ता सम्बन्धी व्यवस्था

१९. **फोकल शिक्षक** (१) कार्यक्रमको लक्षित समुदायका बालिका र किशोरीलाई विद्यालयमा नियमितताका सम्बन्धमा निगरानी गर्न र बालिकाको गुणस्तरीय सिकाईको निरन्तर अवलोकन गर्री गौरीगञ्ज गाउँपालिकामा प्रतिवेदनको कार्य गर्न फोकल शिक्षकलाई जिम्मेवारी दिईनेछ।

(२) उपदफा (१) बमोजिम परिचालन गरिने फोकल शिक्षक सम्बन्धित समुदायका छोरीहरु अध्ययनरत रहेको सामुदायिक विद्यालयमा कार्यरत शिक्षकलाई तोक्नु पर्नेछ।

२०. **स्वयंसेवक सहजकर्ता:** (१) सक्षम छोरी समुह र सक्षम समुह परिचालनमा सहजीकरण, सचेतना कार्यक्रम, सीपमूलक तालिम लगायतका सामाजिक परिचालन जस्ता कार्यमा सहयोग गर्न, बालिका र किशोरीलाई आवश्यकताका आधारमा समुदायमै समूहमा अतिरिक्त ट्यूशन पढाउन र विद्यालयमा नियमितता भए नभएको सम्बन्धमा निगरानी समेतका लागि स्वयंसेवक सहजकर्तालाई परिचालन गरिनेछ।

(२) उपदफा (१) बमोजिम स्वयंसेवक सहजकर्ता परिचालन गर्दा लक्षित समूदायमा विद्यालय जाने छोरी भएका ५०० सम्म घरधुरीमा एकजना स्वयंसेवक सहजकर्ता र सो भन्दा माथि भएमा थप एकजना गरी संख्याका आधारमा बढीमा दुईजना सम्म सहजकर्ताको व्यवस्था गर्नुपर्नेछ।

(३) स्वयंसेवक सहजकर्ता व्यवस्थापन सम्बन्धमा यस कार्यविधि बमोजिमको प्रकृया अबलम्बन गरिनेछ ।

२१. **<u>स्वयंसेवक सहजकर्ताको योग्यता</u>**ः स्वयंसेवक सहजकर्ता पदमा उम्मेदवार हुनको लागि देहाय बमोजिमको योग्यता पुगेको नेपाली नागरिक मात्र योग्य हुनेछः-

(क) १८ वर्ष उमेर पूरा भई ४० वर्ष ननाघेको महिला,

(ख) मानसिक सन्तुलन नबिग्रेको,

(ग) नैतिक पतन देखिने फौजदारी अभियोगमा कसुरदार नठहरिएको,

(घ) १२ कक्षा वा सो सरह उत्तीर्ण गरेको ।

२२. **<u>विज्ञापन प्रकाशन गर्नुपर्ने</u>**ः यस कार्यविधि बमोजिम स्वयंसेवक सहजकर्ता पदमा पदपूर्तिको लागि कम्तिमा १५ दिनको म्याद राखी गौरीगञ्ज गाउँपालिकाले वेबसाइट तथा अन्य सञ्चार माध्यममा विज्ञापन प्रकाशन गर्नुपर्नेछ । स्वयंसेवक सहजकर्ता छनौट गर्दा लक्षित समुदायलाई पहिलो प्रार्थमिकता दिनुपर्नेछ।

२३. **<u>स्वयंसेवक सहजकर्ता छनौट सम्बन्धी व्यवस्था:</u>** स्वयंसेवक सहजकर्ताको छनौटका आधार देहाय बमोजिम शैक्षिक योग्यता, कार्यानुभव र अन्तरवार्ता परीक्षाबाट हुनेछः-

(क) शैक्षिक योग्यतावापत १० अंक देहाय अनुसार हुनेछः

१. न्यूनतम शैक्षिक योग्यता बापत ७ अंक

२. न्यूनतम शैक्षिक योग्यताभन्दा एक तह माथिल्लो शैक्षिक योग्यता बापत थप ३ अंकः

(ख) अध्ययन/अध्यापन वा सामाजिक परिचालनसँग सम्बन्धित कार्यानुभव बापत १० अंक

१. एक बर्षसम्मको अनुभव ५ अंक

२. दुई बर्षसम्मको अनुभव ७ अंक

३. दुई बर्षभन्दा माथि १० अंक

(ग) अन्तर्वार्ता वापत ३० अंकः

| **प्रस्तुतीकरण** | **बिषयवस्तुको ज्ञान** | **व्यक्तित्व** | **लक्षित समुदायको छोरी वा बुहारी भएमा** |
|---|---|---|---|
| ५ | १० | ५ | १० |

२४. **<u>स्वयंसेवक सहजकर्ता छनौट समिति गठनः</u>** (१) यस कार्यविधि अनुसार निर्धारित पदमा स्वयंसेवक सहजकर्ता छनौट गर्नका लागि शैक्षिक योग्यता परीक्षण र अन्तरवार्ता लिई सिफारिस गर्न देहाय बमोजिमको एक स्वयंसेवक सहजकर्ता छनौट समिति हुनेछः-

(क) गौरीगञ्ज गाउँपालिकाको प्रमुख प्रशासकिय अधिकृत - संयोजक

(ख) गौरीगञ्ज गाउँपालिकाले मनोनय गरेको सम्बन्धित विषय विज्ञ १ जना -सदस्य

(ग) गौरीगञ्ज गाउँपालिकामा कार्यरत शिक्षा शाखा प्रमुख -सदस्य

(घ) गौरीगञ्ज गाउँपालिकामा कार्यरत महिला बालबालिका शाखा प्रमुख -सदस्य सचिव

२५. **<u>स्वयंसेवक सहजकर्ता काम, कर्तव्य र अधिकारः</u>** यस कार्यविधि बमोजिम परिचालित स्वयंसेवक सहजकर्ताको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) लक्षित समुदायका बालिका तथा किशोरीलाई विद्यालय समय बाहेक कम्तिमा हफ्ताको दुई दिन वा कार्यक्रम सहजीकरण समितिको निर्णय बमोजिमको अवधि सम्म समुदायस्तरमै सामूहिक ट्युसन पढाउने, विद्यालयको गृहकार्य गर्न लगाउने।

(ख) लक्षित समुदायका बालिका तथा किशोरीलाई स्वास्थ्य, सरसफाई र पोषणका सम्बन्धमा जानकारी गराउने,

(ग) नेपाल सरकारबाट विद्यालयमा प्रदान गर्ने दिवा खाजा र छात्रवृतिमा तथा अन्य सेवा सुविधामा छोरीहरुको पहुँच बढाउन सहजीकरण गर्ने गराउने,

(घ) लक्षित समुदायका आमाहरुलाई आर्थिक सबलीकरणका कार्यक्रम तथा नेतृत्व विकास र क्षमता विकास लगायतका कार्यक्रम सञ्चालन गर्न सहयोग गर्ने,

(ङ) नेपाल सरकार, प्रदेश सरकार र गौरीगञ्ज गाउँपालिका लगायत विभिन्न संघ संस्थाका लक्षित कार्यक्रमलाई यसै कार्यक्रमसँग आबद्ध गरी एकिकृत कार्यक्रमको रुपमा सञ्चालन गराउन समन्वयात्मक भूमिका निर्वाह गर्ने,

(च) गाउँ, टोल र बस्तीमा बालिका तथा किशोरीहरूलाई शिक्षा, सीप र व्यावसायिकतामा सक्षम बनाउन पहल गर्ने,

(छ) बालिका तथा किशोरी माथि हुन लागेको लैंङ्गिक हिंसा जस्ता आपराधिक घटनाको सूचना पाए तुरून्त नजिकैको प्रहरी कार्यालयमा खबर गर्ने,

(ज) सक्षम छोरी समुह र सक्षम समुह गठन गर्नमा सहजीकरण गर्ने,

(झ) सक्षम छोरी समुह र सक्षम समुहबाट भएको निर्णयको जानकारी कार्यक्रम सहजीकरण समितिलाई गराउने,

(ञ) बालिका तथा किशोरीले विद्यालयमा नियमित हाजिर भई अध्ययन गरे नगरेको अभिलेख राख्ने । यसरी विद्यालय नजाने बालिक तथा किशोरीलाई के कुन कारणले विद्यालयमा नगएको पत्ता लगाई त्यसको सामाधानका लागि सरोकारवाला सँग समन्वय गरी विद्यालय जाने वातावरण मिलाउने,

(ट) कार्यविधि बमोजिम गौरीगञ्ज गाउँपालिकाबाट आएका निर्देशन पालना गर्ने,

(ठ) पालिकामा नियमित प्रतिवेदन गर्ने।

२६. <u>**फोकल शिक्षकको काम, कर्तव्य र अधिकारः**</u> यस कार्यविधि बमोजिम तोकिएको फोकल शिक्षकको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) लक्षित समुदायका बालिका तथा किशोरीलाई विद्यालय भर्ना गर्ने गराउने

(ख) लक्षित समुदायका बालिका तथा किशोरीको अभिभावकलाई शिक्षाको महत्व बुझाउँदै बालिका तथा किशोरीलाई अनिवार्य पठनपाठन गराउन जानकारी गराउने,

(ग) लक्षित समुदायका बालिका तथा किशोरीलाई विद्यालयमा नियमित उपस्थिति भएनभएको यकिन गरी नियमितताका

लागि अभिभावक र स्वयम बालिकालाई सहजीकरण र परामर्श गर्ने।

(घ) विद्यालय भर्ना भएका सबै बालिका तथा किशोरीका लागि लाग्ने न्यूनतम शुल्क पोशाक र आवश्यक स्टेशनरीको व्यवस्था गर्न गौरीगञ्ज गाउँपालिकासँग सहजीकरण गर्ने,

(ङ) लक्षित समुदायका छोरीहरुको अध्ययनलाई गुणस्तरीय बनाउने व्यवस्था गर्ने गराउने

२७. **सेवा-सुविधा सम्बन्धमा**ः (१) सेवा करारमा नियुक्त स्वयंसेवक सहजकर्ताको सेवा सुविधा गौरीगञ्ज गाउँपालिकासँग भएको कारारबमोजिम हुनेछ । तर अतिरिक्त समय वा विदाको दिनमा कार्य गरेवापत कार्यक्रम सहजीकरण समितिको सिफारिसमा प्रोत्साहन भत्ता दिन सकिनेछ।

(२) फोकल शिक्षकलाई थप जिम्मेवारी दिंदा कार्यक्रम सहजीकरण समितिको सिफारिसमा गौरीगञ्ज गाउँपालिकाले प्रोत्साहन भत्ता दिनसक्नेछ। यसरी प्रोत्साहन भत्ता दिदा विद्यार्थी संख्याको आधारमा यातायात र खाजा खर्च उपलब्ध गराउन सक्नेछ ।

२८. **स्वयंसेवक सहजकर्ताको पद रिक्त हुने अवस्थाः** देहायको अवस्थामा स्वयंसेवक सहजकर्ताको पद रिक्त हुनेछः-

(क) निजको लिखित राजीनामा प्रमुख प्रशासकीय अधिकृतबाट स्वीकृत भएमा,

(ख) निजले आफ्नो पद अनुकुलको आचरण पालना नगरेको भनी पुष्टि भएमा,

(ग) निजले आफ्नो करारीय दायित्व वा निजसँग भएको करारको शर्तहरुको पालना नभएको भनी पुष्टि भएमा,

(घ) निजले यस कार्यविधि बमोजिमको कर्तव्य र आचार संहिताको पालना नगरेमा

(ङ) निज उपर कुनै फौजदारी अभियोग प्रमाणित भएमा,

(च) निजको मानसिक सन्तुलन बिग्रिएमा वा अन्य कुनै गम्भिर स्वास्थ्यका कारण निज आफ्नो दायित्व पुरा गर्ने अवस्था नभएमा,

(छ) निजको मृत्यु भएमा ।

## परिच्छेद – ६

## कार्यक्रम सहजीकरण समिति

**२९. कार्यक्रम सहजीकरण समितिको गठन र काम, कर्तव्य तथा अधिकारः**

(१) गौरीगञ्ज गाउँपालिकामा उक्त कार्यक्रम कार्यान्वयनमा सहयोग, समन्वय तथा अनुगमन समेत गर्नका लागि देहायबमोजिमको एक कार्यक्रम सहजीकरण समिति हुनेछः-

संरक्षक : गाउँपालिका अध्यक्ष

(क) गौरीगञ्ज गाउँपालिकाका उपाध्यक्ष - संयोजक

(ख) सम्बन्धित वडाका वडा अध्यक्ष - सदस्य

(ग) गौरीगञ्ज गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत - सदस्य

(घ) गौरीगञ्ज गाउँपालिकाका आर्थिक प्रशासन शाखा प्रमुख - सदस्य

(ङ) गौरीगञ्ज गाउँपालिकाका शिक्षा शाखाका प्रमुख - सदस्य

(च) गौरीगञ्ज गाउँपालिकाका उद्यम विकास सहजकर्ता - सदस्य

(छ) स्वयंसेवक सहजकर्ता - सदस्य

(ज) फोकल शिक्षक - सदस्य

(झ) गौरीगञ्ज गाउँपालिकाका महिला बालबालिका शाखा प्रमुख -सदस्य सचिव

(२) कार्यक्रम सञ्चालन भएको गौरीगञ्ज गाउँपालिकाका अध्यक्ष दफा (१) बमोजिमको समितिको संरक्षक हुनेछन्।

(३) उपदफा (१) बमोजिम समितिको काम, कर्तव्य तथा अधिकार देहाय बमोजिम हुनेछः-

(क) **लक्षित वर्ग पहिचानः** कार्यक्रम सञ्चालनका लागि तराई दलित समुदायको वस्तुगत अवस्था विश्लेषण गरी लक्षित परिवार, बालिका तथा किशोरीहरूको पहिचान र छनौट गर्ने/गराउने।

(ख) **व्यावसायिक प्रस्तावको जाँचबुझः** सक्षम समूहबाट प्राप्त व्यावसायिक प्रस्तावहरूको औचित्य, लागत र सम्भाव्यता जाँचबुझ तथा स्वीकृत गरी कार्यान्वयनका लागि सम्बन्धित शाखालाई निर्देशन दिने।

(ग) **तालिम तथा सीप व्यवस्थापनः** लक्षित वर्गको रुचि र बजारको मागका आधारमा सीपमूलक तालिम सञ्चालन र व्यवस्थापनका लागि आवश्यक सिफारिस गर्ने।

(घ) **ट्युसन केन्द्र छनौटः** बालिका तथा किशोरीहरूलाई पायक पर्ने गरी सामुदायिक भवन, विद्यालय वा सार्वजनिक स्थलमध्येबाट अतिरिक्त ट्युसन कक्षा सञ्चालन गर्ने स्थान निर्धारण गर्ने।

(ङ) **बजेट वर्गीकरणः** कार्यक्रमका लागि विनियोजित बजेटलाई अनुसूची-१ बमोजिमका खर्च शीर्षकहरूमा वर्गीकरण गरी आगामी बर्षको बार्षिक कार्यक्रममा समाबेश गर्ने/गराउने।

(च) **जनशक्ति निर्धारणः** लक्षित समुदायको जनसङ्ख्या, भौगोलिक अवस्थिति र आवश्यकताका आधारमा फोकल शिक्षक र स्वयंसेवक सहजकर्ताको सङ्ख्या निर्धारण गर्ने।

(छ) **प्रोत्साहन भत्ता निर्धारणः** फोकल शिक्षकले पाउने प्रोत्साहन भत्ता र स्वयंसेवक सहजकर्ताले पाउने पारिश्रमिक रकम र अन्य सुविधा बारेमा छलफल गरी गौरीगञ्ज गाउँपालिकाको पालिकामा सिफारिस गर्ने।

(ज) **समन्वय र सहजीकरणः** कार्यक्रम कार्यान्वयनका क्रममा आउने व्यावहारिक कठिनाइहरू फुकाउन विभिन्न सरोकारवाला निकायहरू बीच आवश्यक समन्वय र सहयोग गर्ने।

(झ) **बिउ पूँजीको अनुगमनः** व्यवसाय सञ्चालनका लागि समूहलाई उपलब्ध गराइएको प्रविधि सहयोग र बिउ पूँजी (Seed Money) दिईएको भएमा सोको सही सदुपयोग भए/नभएको नियमित अनुगमन गर्ने।

(ञ) **तथ्याङ्क तथा अभिलेख व्यवस्थापनः** लक्षित समुदायको प्रत्येक घरधुरीको विस्तृत तथ्याङ्क अध्यावधिक गर्ने व्यवस्थाका साथै सबै बालिका र किशोरीको शैक्षिक र सामाजिक गतिविधि झल्किने प्रोफाईल तयार गर्न लगाउने। आर्थिक सबलीकरणका कार्यक्रम पश्चात् लक्षित समुदायका आमा र किशोरी स्वरोजगार वा रोजगारीमा आबद्ध भए भन्ने विवरण सहितको डिजिटल अभिलेख राख्ने व्यवस्था मिलाउने।

(ट) **निर्देशन पालनाः** कोशी प्रदेश, सामाजिक विकास मन्त्रालयबाट प्राप्त नीतिगत निर्देशनहरूको कार्यान्वयन गर्ने र गराउने।

(ठ) **प्रतिवेदन र रणनीति** : सम्पादित कार्यहरूको वार्षिक प्रतिवेदन तयार गरी अनुमोदन गर्ने र प्राप्त पृष्ठपोषणका आधारमा आगामी वर्षका लागि परिष्कृत रणनीति तय गर्ने।

परिच्छेद – ७

## विविध

३०. **विद्यालयको दायित्वः** यस कार्यविधि बमोजिम सञ्चालन हुने कार्यक्रमलाई सफल बनाउन सम्बन्धित विद्यालयको दायित्व देहाय बमोजिम हुनेछः-

(क) **फोकल शिक्षकको व्यवस्थाः** कार्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि लक्षित समुदायका बालबालिका अध्ययनरत विद्यालयमा कार्यरत शिक्षकहरूमध्येबाट एक जनालाई 'फोकल शिक्षक' तोक्न आवश्यक समन्वय र सहकार्य गर्ने। यसरी फोकल शिक्षक तोक्दा महिला शिक्षकलाई तोक्न सहजीकरण गर्ने।

(ख) **तथ्याङ्क र अभिलेख व्यवस्थापनः** लक्षित समुदायका बालिका तथा किशोरीहरूको शैक्षिक अवस्था, भर्ना विवरण र विगतको नतिजा सम्बन्धी आवश्यक अभिलेख कार्यक्रम सहजीकरण समितिलाई उपलब्ध गराउने।

(ग) **नियमितता र प्रोत्साहनः** लक्षित समुदायका विद्यार्थीहरूको विद्यालयमा नियमित उपस्थिति सुनिश्चित गर्न अभिभावकहरूसँग निरन्तर संवाद गर्ने र उनीहरूलाई प्रोत्साहन गर्ने।

(घ) **भेदभावरहित वातावरणः** लक्षित समुदायका बालिका तथा किशोरीहरूलाई विद्यालयमा अन्य विद्यार्थी सरह समान व्यवहार गर्ने र भेदभावमुक्त, सुरक्षित एवं सिकाईमैत्री वातावरणको सुनिश्चितता गर्ने।

(ङ) **अनुगमन र समन्वयः** कार्यक्रम सहजीकरण समितिले गर्ने अनुगमन कार्यमा सहयोग गर्ने र विद्यालयको स्रोत-साधन (कक्षाकोठा, खेलमैदान आदि) आवश्यकता अनुसार कार्यक्रमका गतिविधिमा प्रयोग गर्न सहजीकरण गर्ने ।

**३१.** **लेखा र लेखा परीक्षणः** कार्यक्रम सञ्चालनका लागि गरिएको खर्च तथा कोषको लेखा राख्ने व्यवस्था र लेखा परीक्षण प्रचलित कानून बमोजिम हुनेछ ।

**३२.** **कार्यक्रमको कार्यान्वयनः** (१) यस कार्यविधि बमोजिम कार्यक्रमको सञ्चालन, व्यवस्थापन तथा कार्यान्वयन सम्बन्धित गौरीगञ्ज गाउँपालिकाबाट हुनेछ।

(२) यस कार्यविधि बमोजिम कार्यक्रमको प्रभावकारी व्यवस्थापनका लागि मन्त्रालयले आवश्यक सहजीकरण, समन्वय र सहकार्य गर्नेछ।

**३३.** **अनुगमन र प्रतिवेदनः** (१) समय-समयमा मन्त्रालय र आवश्यकता अनुसार गौरीगञ्ज गाउँपालिकाबाट समेत कार्यक्रमको अनुगमन हुनेछ ।

(२) उपदफा (१) बमोजिम गरिने अनुगमनमा विद्यालय, सक्षम छोरी समुह, सक्षम समुह, स्वयंसेवक सहजकर्ता, र फोकल शिक्षकले आवश्यक सहयोग तथा सहजीकरण गर्नु पर्नेछ।

(३) महिला बालबालिका शाखाले कार्यक्रमको प्रभावकारीता तथा कोषको रकम खर्च भएको सम्बन्धमा प्रत्येक तिन-तिन महिनामा पालिका, कार्यक्रम सहजीकरण समिति र मन्त्रालय समक्ष अनुसूची ४ बमोजिम प्रतिवेदन गर्नु पर्नेछ। साथै गौरीगञ्ज गाउँपालिकाले मन्त्रालय सहितको सहभागितामा वार्षिक रूपमा समीक्षा गर्नुपर्नेछ।

३४. **बाधा अड्काउ फुकाउनेः** गौरीगञ्ज गाउँपालिकाले प्रचलित कानूनको अधिनमा रही यस कार्यविधिको कार्यान्वयनका क्रममा आउने बाधा अड्काउ फुकाउन सक्नेछ।

३५. **अनुसूची हेरफेरः** गौरीगञ्ज गाउँपालिकाले आवश्यकता बमोजिम अनुसूची हेरफेर गर्न सक्नेछ।

३६. **खारेजी तथा बचाउ :** गौरीगञ्ज गाउँपालिका सक्षम छोरी कार्यक्रम सञ्चालन कार्यविधि, २०८२ खारेज गरिएको छ । यसअघि भए गरेका सम्पूर्ण कार्यहरु यसै कार्यविधिबमोजिम भए गरेको मानिनेछ ।

## अनुसूची-१

(दफा ६ को उपदफा (६) र दफा २९ को उपदफा (३) खण्ड (ङ) सँग सम्बन्धित)

खर्च शिर्षकहरूमा वर्गिकरण

| खर्च शिर्षक | रकम |
|---|---|
| शिक्षा क्षेत्रका कार्यक्रमहरु | |
| तथ्याङ्क संकलन, विश्लेषण र प्रतिवेदन तयारी एवम प्रकाशन | |
| Digital App निर्माण/ E- Attendance/ E- Profile/ MIS Software लगायत | |
| आवश्यकता अनुसार विद्यालय स्तरोन्नती | |
| विद्यालय भर्ना | |
| शैक्षिक सामग्री (कापी, कलम, ब्याग लगायतका सामग्री) | |
| विद्यालय पोशाक (ड्रेस, जुता, मोजा लगायत) | |
| कक्षा ५ देखी १२ सम्मका अध्ययनरत बालिका तथा किशोरीहरूका लागि दिवा खाजा । यसमा नेपाल सरकारबाट पाईरहेकोमा दोहोरो गर्न नहुने । | |
| कक्षा ५ देखी १२ सम्मका अध्ययनरत बालिका तथा किशोरीहरूका साइकल खरिद (पैदल शैक्षिक संस्थानबाट घर आउने जाने २ कि.मि भन्दा टाढाका भएकोमा) | |
| स्वयंसेवक सहजकर्ता पारिश्रमिक (गौरीगञ्ज गाउँपालिकासँगको करार सम्झौता बमोजिम) | |

| | |
|---|---|
| स्वयंसेवक सहजकर्ताको प्रोत्साहन भत्ता (अतिरिक्त समय वा विदाको दिनमा कार्य गरे वापत कार्यक्रम सहजीकरण समितिको सिफारिसमा) | |
| फोकल शिक्षक प्रोत्साहन भत्ता (आवश्यकता हेरी अतिरिक्त थप जिम्मेवारीमा आधारित रहि तोक्न सक्ने ।) | |
| अभिभावक शैक्षिक बैठक र खाजा वापत | |
| समग्र कार्यक्रमको अनुमगन मुल्याङ्कन | |
| <u>सिप र आयआर्जन क्षेत्रसंग सम्बन्धित कार्यक्रमहरु</u> | |
| सक्षम समुहका सदस्यहरूलाई सीपमुलक तालिम | |
| उद्यमशीलता विकास तालिम | |
| व्यवसायिक प्रस्ताव निर्माणका लागि अभिमुखीकरण कार्यक्रम | |
| उद्यम/व्यवसाय संचालनार्थ टेवा पूँजी/सामग्री अनुदान | |
| <u>सशक्तिकरणको क्षेत्रसँग सम्बन्धित कार्यक्रमहरु</u> | |
| किशोरी समुहका सदस्यहरूलाई तालिम | |
| सक्षम छोरी समुह बैठक र खाजा खर्च बापत | |
| बालबिबाह, लैंङ्गिक हिंसा र सामाजिक विभेद विरूद्धका सम्बन्धमा सचेतना कार्यक्रम | |
| अभिभावक र शिक्षक बीच अन्तरक्रिया | |
| सम्बन्धित शाखामा अभिलेख व्यवस्थापनका लागि आवश्यक ल्यापटप, प्रिन्टर लगायतका सामाग्री | |

| | |
|---|---|
| कार्यक्रम सहजिकरण समितिको  बैठक खाजा खर्च | |

*सहजीकरण समितिले आवश्यकता बमोजिम निर्धारित अन्य खर्च शिर्षकलाई समेत यसमा समावेश गरेको मानिनेछ ।*

## अनुसूची-२

(दफा १६ को उपदफा (१) को खण्ड (ख) सँग सम्बन्धित)

**<u>व्यावसायिक प्रस्तावको ढाँचा</u>**

**............. उद्यम/व्यवसाय सञ्चालन गर्ने सम्बन्धमा**

**श्री गौरीगञ्ज गाउँपालिकासमक्ष**

**पेश गरिएको**

**.........सम्बन्धी उद्यम/व्यवसायको**

**व्यावसायिक प्रस्ताव**

**<u>प्रस्ताव पेश गर्ने</u>**

**..................**

**गौरीगञ्ज गाउँपालिका, वडा नं. ...**

१. समुहको नाम तथा ठेगाना:......................

२. सदस्यहरूको सामान्य परिचय:

| सि. नं. | नाम, थर | ठेगाना | उमेर | शैक्षिक/सीप/योग्यता | यसअघि गरेको कुनै व्यवसायिक कामको अनुभव भए उल्लेख गर्ने |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |

३. व्यवसायको नाम:

४. व्यवसायको उद्देश्य:

५. व्यवसाय सञ्चालन गरिने स्थान:

६. व्यवसायको अनुमानित लागत:

७. व्यवसायमा गरिने लगानी र प्रविधिको स्रोत:

(क) गौरीगञ्ज गाउँपालिकाबाट अपेक्षा गरिएको:

(ख) सदस्यहरूबाट संकलित रकम:

(ग) वित्तिय संस्थाबाट प्राप्त गर्ने ऋण रकम:

८. व्यवसाय सञ्चालनका क्रममा गरिने प्रमुख क्रियाकलाप: (व्यवसायमा गरिने मुख्य-मुख्य कार्यहरू उल्लेख गर्ने। जस्तै:ढाका कपडा बुनाई व्यवसायको लागि

तानको निर्माण र धागोको खरिद, मुढा, झल्ला, पटिया, बंगुर पालन, बेतबाँसका सामाग्री उतपादन, प्रविधिसंग सम्बन्धित व्यवसाय आदिको निर्माणका लागि लाग्ने कच्चा सामग्रीको खरिद, बिक्री वितरण गरिने स्थान वा पक्ष आदि)

९. अपेक्षित प्रतिफल: (वार्षिक रूपमा के-कति मूनाफा आर्जन गर्न सकिन्छ तथा सो मूनाफाबाट के कति समयभित्रमा लगानी उठाउन सकिन्छ आदि उल्लेख गर्ने)

१०. भावी योजना: (भविष्यमा गरिने अन्य कुनै व्यावसायिक योजना भए सो समेत उल्लेख गर्ने)

११. अन्य कुराहरू: (अन्य कुराहरू भए उल्लेख गर्ने)

## अनुसूची-३

(दफा १७ को उपदफा (३) सँग सम्बन्धित)

**सम्झौताको ढाँचा**

**..........पालिका र ......... समुह.......बीच**

**........उद्यम/व्यवसाय सञ्चालन गर्ने सम्बन्धमा भएको**

**सम्झौता-पत्र**

आज मिति ......... गतेका दिन ....मा ...........पालिका (यसपछि "पालिका" भनिएको) र ..... सक्षम समुह, ....... (यसपछि "समुह" भनिएको) बीच लक्षित समुदायका छोरीको लागि सक्षम छोरी कार्यक्रम सञ्चालन कार्यविधि, २०८३

(यसपछि "कार्यविधि" भनिएको) बमोजिम तपसिलका शर्तहरूको अधिनमा रही ......पालिकाको वडा नं. ... मा ............उद्यम/व्यवसाय सञ्चालनगर्न मन्जुर भई यो सम्झौता गरी एक/एक प्रति एक आपसमा बुझिलियौं ।

**<u>सम्झौताका शर्तहरू</u>**

१. समुहले कार्यविधि बमोजिम यस पालिकाको वडा नं. ...लाई मुख्य कार्यक्षेत्र बनाई ..... सम्बन्धी उद्यम/व्यवसाय सञ्चालन गर्नेछ ।

२. उल्लिखित बमोजिमको व्यवसाय सञ्चालन गर्न पालिकाले समुहलाई ...............प्रविधि र बिउपूँजी उपलब्ध गराउनेछ ।उक्त रकम समूहले बैंक/वित्तीय संस्था/सहकारीमा रहेको समुहको खातामा जम्मा गर्नेछ।

३. कार्यविधि बमोजिम समुहले पेश गरेको व्यावसायिक प्रस्ताव बमोजिमको क्रियाकलाप तथा खर्चको विवरण अनुसार खर्च गर्ने व्यवस्था गर्नेछ।

४. समुहले सञ्चालन गरेको उद्यम/व्यवसाय प्रत्यक्ष रूपमा पालिका तथा कार्यक्रम कार्यान्वयन, अनुगमन तथा सहजीकरण समितिको अनुगमनमा सञ्चालन हुनेछ।

५. समुहले सञ्चालन गरेको उद्यम व्यवसायको कार्यान्वयनको अवस्थाबारे सामाजिक विकास मन्त्रालय, कार्यक्रम कार्यान्वयन, अनुगमन तथा सहजीकरण समिति र पालिकाबाट गरिने नियमित अनुगमनका क्रममा समुहले कार्यविधि तथा सम्झौता बमोजिम उद्यम/व्यवसाय सञ्चालन नगरेको पाइएमा तथा उद्देश्यमूलक ढंगले रकमको प्रयोग गरेको नपाइएमा

व्यवसायको दर्ता खारेज गरी बिउपूँजी र प्रविधिमा भएको लागत रकम सरकारी बाँकी सरह असुल उपर गरिनेछ।

६. यो सम्झौता आजैका मितिबाट प्रारम्भ हुनेछ।

७. यो सम्झौतामा लेखिएका कुरायसै बमोजिम तथा अन्य कुराहरू कार्यविधि तथा प्रचलित कानून बमोजिम हुनेछ ।

यो कार्यक्रम सञ्चालन गर्नका लागि हामी दुवै पक्ष सहमत छौं र यस सम्झौतामा लेखिएका सर्तहरूको पालना दुवैपक्षबाट जिम्मेवारीपूर्वक गर्नेछौं भनी सहिछाप गर्ने,-

**<u>समूहको तर्फबाट</u>**

हस्ताक्षर :

नामथर :

पद :

मिति :

**रोहवर**

हस्ताक्षरः

नामथरः

ठेगानाः

मितिः

**गाउँपालिकाको तर्फबाट**

हस्ताक्षर :

नामथर :

पद :

कार्यालयः

मिति :

**रोहवर**

हस्ताक्षर :

नामथर :

पद :

कार्यालयः

मिति

# अनुसूची-४

(दफा ३३ को उपदफा (३) सँग सम्बन्धित)

## प्रगति प्रतिवेदनको ढाँचा

**लक्षित समुदायका छोरीको लागि सक्षम छोरी कार्यक्रम सञ्चालन कार्यविधि, २०८३ बमोजिम ....... समुहद्वारा सञ्चालित ....... उद्यम/व्यवसायको सम्बन्धमा गौरीगञ्ज गाउँपालिका समक्ष पेश गरिएको**

## प्रगति प्रतिवेदन

१. समुहको नाम तथा ठेगाना:......................

२. सदस्यहरूको सामान्य परिचय:

| सि. नं. | नाम, थर | ठेगाना | उमेर | शैक्षिक/सीप/योग्यता | यसअघि गरेको कुनै व्यवसायिक कामको अनुभव भए उल्लेख गर्ने |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |

३. उद्यम/व्यवसायको नाम:

४. उद्यम/व्यवसायको उद्देश्य:

५. उद्यम/व्यवसाय सञ्चालन गरिएको स्थान:

६. उद्यम/व्यवसायको लागत:

७. उद्यम/व्यवसायको हालको चल अचल सम्पत्तिको अवस्था: (सबै चलअचल सम्पत्तिको विवरण उल्लेख गर्ने)

८. उद्यम/व्यवसायमा प्रयोग गरिएको जग्गाको क्षेत्रफल:

९. उद्यम/व्यवसायमा प्रयोग गरिएको भवन सम्बन्धमा:

(क) आफ्नै: (आफ्नै भए प्राप्तिको स्रोत उल्लेख गर्ने)

(ख) भाडामा : (भाडामा भए भाडाको प्रतिमहिना दररेट उल्लेख गर्ने)

१०. उद्यम/व्यवसायमा गरिएको लगानीको स्रोत:

(क) गौरीगञ्ज गाउँपालिकाबाट प्राप्त रकम:

(ख) सदस्यहरूबाट संकलित रकम:

(ग) अन्य स्रोतबाट प्राप्त रकम (वित्तिय संस्थाबाट प्राप्त ऋणको स्रोत समेत खुलाउने):

११. उद्यम/व्यवसाय सञ्चालनका क्रममा गरिएका क्रियाकलापमा भएको खर्चहरू: (व्यवसायमा गरिने मुख्य-मुख्य कार्यहरूमा भएका खर्चहरू क्रमैसँग उल्लेख गर्ने। जस्तै:- बाख्रा, बँगुर वा माग बमोजिमका कृषि उद्यमसँग सम्बन्धित खर्च साथै धागोको खरिद, मुढा, झल्ला, पटिया बंगुर पालन, बेतबाँसका सामाग्री उतपादन, प्रविधिसंग सम्बन्धित व्यवसाय जस्ता सामाग्री उत्पादनमा लाग्ने

स्थानीय कच्चा पदार्थ वा बाह्य बजारबाट खरिद गर्नुपर्ने कच्चा सामग्रीको खरिद, बिक्रीवितरण गरिने स्थान वा पक्ष आदि)

१२. कुल नाफा/नोक्सान:

१३. भावी योजना: (भविष्यमा गरिने अन्य कुनै व्यावसायिक योजना भए सो समेत उल्लेख गर्ने)

१४. अन्य कुराहरू: (अन्य कुराहरू भए उल्लेख गर्ने) ।

<u>**प्रतिवेदक**</u>

..................समूहको तर्फबाट

अध्यक्ष : ........................

दस्तखत : ........................

मिति : ............................

**आज्ञाले,**

खेमराज थापा

प्रमुख प्रशासकीय अधिकृत